# नेपाल सरकार

## प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

### शहीद दिवस २०७९ को शुभकामना सन्देश

आज माघ १६, शहिद दिवस। निरंकुश तानाशाही व्यवस्था विरुद्धको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने महान शहीदहरू शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति सम्मान व्यक्त गर्दै हरेक वर्ष हामी शहीद दिवश मनाउने गर्दछौं। यो दिवशको सन्दर्भमा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, समानता, नागरिक हक अधिकारको रक्षा लगायत न्यायपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्ने महान शहीदहरूप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

आजको दिन शहीदहरुलाई सम्झिइरहँदा देश र जनताको हितका निम्ति प्राप्त भएका उपलब्धिहरू शहीदहरुको बलिदानबाट मात्र सम्भव भएको तथ्यलाई स्मरण गर्दै उहाँहरूको जीवन उत्सर्गले आलोकित मार्गमा हिड्नका लागि प्रेरित हुने र उहाँहरुको सपना साकार पार्ने प्रण गर्ने दिनका रूपमा सम्झनु पर्दछ। हाम्रा वीर शहीदहरुलाई एकदिन औपचारिक कार्यक्रम गरेर मात्र पुग्दैन। नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि प्राण आहुती दिनुहुने ती वीरहरुलाई हामी सदैव स्मरण गर्दै अघि बढ्नुपर्छ। हाम्रा लागि उहाँहरुले गर्नुभएको संघर्ष र त्यागको मर्मलाई आत्मसात् गर्दै राष्ट्र निर्माणको कार्यमा मन, वचन र कर्मले लाग्न प्रतिबद्ध हुनुपर्दछ। हाम्रो देश नेपालमा समावेशीता र संघीयतासहितको लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात समृद्ध नेपाल निर्माण गर्न सम्बन्धित पक्षहरूलाई यो दिवसबाट थप प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

२०७९ माघ १६ गते सोमबार

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख